नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# वीरगञ्ज भन्सार कार्यालय

वीरगञ्ज म.न.पा.-१६ ईनर्वा
पर्सा, नेपाल

## भन्सार ऐन, २०८२ को दफा ९२ को उपदफा (१) को देहाय (ख) तथा भन्सार नियमावली, २०८३ को नियम ८५(२) बमोजिम यस कार्यालयवाट सिलबन्दी बोलपत्रद्धारा विभिन्न मालवस्तुहरु लिलाम बिक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सूचना।

## (सूचना प्रकाशित मिति २०८३।०१।३१)

यस कार्यालयमा विभिन्न मितिमा भन्सार छली चोरी निकासी/पैठारी अभियोगमा दाखिला भएका देहाय बमोजिमका मुद्दाहरुमा रहेका मालवस्तुहरु सूचना नम्वर अनुसार एकमुष्ट रुपमा जे जस्तो अवस्थामा छन, सोही अवस्थामा सिलवन्दी बोलपत्रद्धारा लिलाम विक्री गरिने भएकोले इच्छुक फर्म तथा संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न लिखित सर्तहरुको अधिनमा रहने गरी गोप्य सिलवन्दी बोलपत्र पेश गर्ने गरी यो सार्वजनिक सूचना आव्हान गरिएको छ। आफुले कवोल गरेको रकमको १०% ले हुने रकम एभरेष्ट बैंक लि. भन्सार एरिया वीरगञ्ज शाखामा रहेको यस कार्यालयको धरौटी खाता नम्वर ०१५००१०५२०००६८ मा जम्मा गरी सोको एक प्रति सक्कल बैंक भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ। साथै यो सूचना यस कार्यालयको वेब साइट birgunj.customs.gov.np तथा भन्सार विभागको वेब साइट www.customs.gov.np मा हेर्न सकिने छ। अन्य व्यहोरा वुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयको मुद्दा शाखामा आई बुझ्न सकिने छ।

<u>तपसिल</u>

| सूचना नम्वर | मुद्दा नं. | मुद्दा दायरी मिति | गोदाम सि.नं. | मालवस्तुको विवरण | न्यूनतम मूल्य रु | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २८५ | ८४६ | २०८२।१०।२० | ८१४ | ठुलो जुत्ता २८० जोर,मेडियम जुत्ता ५० जोर,बच्चाको जुत्ता ४५ जोर | ३१४५०० | १००० | |
| २८६ | ९३० | २०८२।११।२४ | ८९५ | जुत्ता १३० जोर | ५८५००० | १००० | |
| २८७ | ११४२ | २०८३।०१।०३ | १०६६ | रेडिमेड कुर्ता सुरुवाल २२४ पिस,कुर्ता सुरुवाल(नसिलाएको) ३६ पिस | २०४४०० | १००० | |
| २८८ | ११४३ | २०८३।०१।०९ | १०९७ | पुरानो धुरा १ पिस,पुरानो दाँती २ पिस,पुरानो ईन्जिन हेड १ पिस,पुरानो डिस रिङ्ग १ पिस,पुरानो डिस १ पिस,पुरानो हब १ पिस | ९२००० | १००० | |
| २८९ | ११४७ | २०८३।०१।१० | ११०१ | सेण्डो गञ्जी १३२० पिस | १३२००० | १००० | |
| २९० | ११६० | २०८३।०१।११ | १११४ | चामल १ बोरा,रिफाईन तेल १५ लिटर,लेहंगा १ थान,साडी ६ थान,सुतिको साडी २ थान,कुर्था सुरुवाल १ थान,नाईटी १ थान | १८२०० | १००० | |
| २९१ | १२०६ | २०८३।०१।२२ | ११६० | पुरानो गाडिको गियर बक्स २ गोटा | ६०००० | १००० | |
| २९२ | १२२५ | २०८३।०१।२४ | ११७९ | सुर्ती(काटेको) १८ के.जी.,बल्व १० वाटको १६० पिस,मिक्चर १ पिस,पंखा हेड नभएको २ पिस,क्वाईल ५ पिस,जेन्स कुर्ता २२ पिस,सल १९ पिस | २१५०० | १००० | |
| २९३ | १२२५ | २०८३।०१।२४ | ११७९ | टाँगा(घोडा बाहेक) २ थान | १०००० | १००० | |
| २९४ | १२३५ | २०८३।०१।२७ | ११८८ | सुटिङ्ग कपडा २३५१ मिटर | ११७५५०० | २००० | |

<u>सिलवन्दी बोलपत्र फारम सम्वन्धी सर्तहरु:-</u>

१. बोलपत्र फाराम तोकिएको दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयको मुद्दा शाखा/आर्थिक प्रशासन शाखाबाट सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र(सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन) खरिद गर्न सकिनेछ। साथै बोलपत्र खरिद गर्दा अवस्थामा फर्म/कम्पनी/संघ/संस्थाले आयकर, मू.अ.कर दर्ता प्रमाणपत्र, अन्तःशुल्क लाग्ने मालवस्तुहरुको हकमा कारोवार गर्न प्राप्त



फोन नं.०५१-५२२९२०, ५२२२२० फ्याक्स नं.०५१-५२५७००, E-Mail:birgunj@customs.gov.np, Webpage: https://birgunj.customs.gov.np

अन्त:शुल्क इजाजतपत्र र नियमानुसार कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी साथै छुट्टै ईजाजतपत्र चाहिने बस्तुहरुको हकमा सोको प्रतिलिपी स्वयम् प्रमाणित गरी पेश गर्नुपर्नेछ। पत्रु स्क्राप (कवाडी) मा लिलाम विक्री गरिने मालबस्तुहरु कवाडीको कारोवार गर्न इजाजतपत्र प्राप्त भएका फर्म/कम्पनी/संघ/संस्थाले मात्र वोलपत्र खरिद गर्न सक्नेछन। बोलपत्र खरिद गर्दाको अवस्थामा कागजात पेश गरेका वोलपत्रदाताले शर्त नं.७ वमोजिम पुनः कागजातहरु पेश गर्न अनिवार्य हुने छैन।

२. मु.अ.कर.लाग्ने मालवस्तुमा अनिवार्य रुपमा मू.अ.कर दर्ता प्रमाणपत्र भएका फर्मले मात्र वोलपत्र फारम खरिद गर्न सकिनेछ।

३. आफूले कबोल गरेको रकम अंक र अक्षरमा खुल्नेगरी स्पष्ट रुपमा नेपाली भाषामा उल्लेख गर्नुपर्नेछ। सच्याईएको वा केरमेट गरेमा सो स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ। साथै अंक र अक्षरमा फरक परेको हकमा अक्षरलाई मान्यता दिइनेछ। कुनैपनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

४. बोलपत्र फाराम पेश गर्दा सो बोलपत्र खामभित्र राखी खाममा सिलछाप समेत लगाई पेश गर्नु पर्नेछ।

५. बोलपत्र फाराम भएको खाम बाहिर बोलपत्र सुचना नं. र वोलपत्रदाताको नाम ठेगाना लगाएतको विवरण उल्लेख गर्नुपर्नेछ।

६. वोलपत्रदाताले जसको नाममा वोलपत्र फाराम खरिद गरेको छ सोही नामबाट वोलपत्र पेश गर्नुपर्नेछ। यस कार्यालयवाट विक्री गरिएको सक्कल बोलपत्र फाराममा मात्र बोलपत्र भर्नुपर्नेछ।

७. बोलपत्र फारामसाथ फर्म/कम्पनी/संघ/संस्थाले आयकर, मू.अ.कर दर्ता प्रमाणपत्र र अन्त:शुल्क लाग्ने मालवस्तुको हकमा कारोवार गर्न प्राप्त इजाजतपत्रको प्रतिलिपि संलग्न हुनुपर्नेछ। कार्यालयले सक्कल कागजात हेर्न खोजेमा सो को सक्कल प्रति पेश गर्नु पर्नेछ।

८. खरिद गरिएका वोलपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिनको अपरान्ह १२:०० बजेसम्म यस कार्यालयको मुद्दा शाखा/लेखा शाखामा(सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन) मा दर्ता गरिसक्नुपर्नेछ। दर्ता भएको वोलपत्रहरु सोहि दिन दिउसो १५:०० बजे वोलपत्रदाता र अन्य कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा बोलपत्र खोलिनेछ। निर्धारित समयमा बोलपत्रदाता अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खोलिनेछ।

९. नेपाल सरकारको हितलाई ध्यानमा राखी नियमानुसार वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ।

१०. वोलपत्र स्वीकृत भएको मितिले ७ दिनभित्र आफूले कवोल गरेको मालवस्तुको मूल्य र सोमा प्रचलित नियमानुसार लाग्ने कर (आयकर,मु.अ.कर, अन्तः शुल्क लगाएत नियमानुसार लाग्ने सम्पुर्ण कर) रकम समेत बुझाई उठाई लैजानु पर्नेछ। बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा सूचना प्रकाशित गरी जानकारी गराईनेछ। साथै भन्सार विभागको वेव साइट www.customs.gov.np तथा यस कार्यालयको वेव साइट birgunj.customs.gov.np मा समेत हेर्न सकिनेछ।

११. कबोल गरेको सबैभन्दा बढी अंक स्वीकृत भएपछि कबोल गर्नेले ७ दिन भित्र आफूले कबोल गरेको रकम र सोमा लाग्ने सम्पूर्ण कर समेत बुझाई मालवस्तु उठाई नलगेमा न्यूनतम मूल्यभन्दा वढी कबोल गर्ने क्रमशः दोश्रो, तेश्रो र चौथो घटिवालाको कबोल अंक स्वीकृत गरिनेछ र बोलपत्र कवोल गरी म्याद भित्र सामान नउठाउने बोलपत्रदाताको धरौटी रकम जफत गरी पुनः लिलामको कारवाही अगाडी बढाईनेछ।

१२. पत्रु स्क्राप (कवाडी) मा लिलाम विक्री गरिएका मेशिनरी उपकरणहरु लिलाम सकारकर्ताले उठाई लैजानु अगाडी नै आफ्नै खर्चमा पुनः मेशिनको रुपमा प्रयोग नहुने गरी टुक्रा पारी कवाडीको रुपमा उठाई लैजानु पर्नेछ।

१३. इच्छुक व्यक्तिले मालवस्तु हेर्न चाहेमा कार्यालय समयमा यस कार्यालयको मुद्दा शाखामा सम्पर्क गरी हेर्न तथा बुझ्न सकिनेछ।

१४. यसमा उल्लेख भए वाहेक अन्य विषयहरु प्रचलित नेपाल ऐन, कानुन वमोजिम हुनेछ।



फोन नं.०५१-५२२९२०, ५२२२२० फ्याक्स नं.०५१-५२५७००, E-Mail:birgunj@customs.gov.np, Webpage: https://birgunj.customs.gov.np